जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३६ अंक ५३ २०८३ साल असोज ५ गते सोमबार (21 Sep 2026 Monday) मूल्य रु. ५/-

## चट्याङको समयमा सर्तक रहौं

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुरक्षा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : संघीयतापछि दलित र ... ३ पृष्ठमा : स्वास्थ्यका लागि सुरक्षित ... ३ पृष्ठमा : क्यारिबियनमा अमेरिकी ...

# भण्डारण गरिराखेको २१ क्विन्टल गाँजासहित दुई पक्राउ




**दैनिक समाचारदाता**
**राजविराज, ४ असोज ।**
सप्तरीको डाक्नेश्वरी नगरपालिका ६ फत्तेपुरस्थित घरमा भण्डारण गरि राखिएको २१ क्विन्टल लागुऔषध गाँजासहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा सोही पालिका वडा नं. ६ बस्ने ७४ वर्षिय भोला सदा र ५६ वर्षिय मंगल मुखिया छन् ।

घरमा लागुऔषध गाँजा भण्डारण गरी राखेको गोप्य सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटिएको प्रहरी टोलीले दुई जनासहित उक्त मात्राको गाजा बरामद गरेको हो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीबाट प्रहरी निरिक्षक प्रमोद कुमार साहको कमाण्डमा खटेको टोलीले भोला सदाको घरबाट ५६ पोका र मंगल मुखियाको घरबाट ८ पोका गाजा बरामद गरेको प्रहरी नायव उपरीक्षक एवं प्रवक्ता हेमराज घिमिरेले जानकारी दिएका छन् ।

प्रहरीका अनुसार फेला परेको गाजालाई तौल गर्दा भोला सदाको घरबाट फेला परेको ५६ पोकामा १ हजार ८ सय ३८ किलो ८७ ग्राम तथा मंगल मुखियाको घरबाट फेला परेको ८ पोका २ सय ६१ किलो ५० ग्राम गरि २ हजार १ सय ३७ ग्राम रहेको छ ।

पक्राउ परेका दुवै जना तथा बरामद गाजाई कानुन वमोजिम नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय सप्तरीमा ल्याई अनुसन्धान कार्य भईरहेको प्रवक्ता घिमिरेले जनाएका छन् ।

## आगलागीमा एकको मृत्यु

**दैनिक समाचारदाता**
**जनकपुरधाम, ४ असोज ।**
जनकपुरधाम उपमहानगरपालिका ८ रामानन्द चोकस्थित एक घरमा आगलागी हुँदा एक जनाको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता ओमप्रकाश खनालका अनुसार महोत्तरीको लोहारपट्टी नगरपालिका २ का ७० वर्षीय किशोरी सहनीको जलेर मृत्यु भएको हो ।शनिबार राती भएको उक्त आगलागीमा घरायसी सामानसहित तीन लाख बराबरको क्षति भएको छ ।

विद्युत् सर्ट भई आगलागी भएको हुनसक्ने प्रहरीको अनुमान छ । स्थानीय निकायका वारुणयन्त्र, प्रहरी र स्थानीयको सहयोगमा आगो निभाइएको थियो ।

## चक्कु प्रहारबाट एक युवकको मृत्यु, तीन पक्राउ

**दैनिक समाचारदाता**
**बारा, ४ असोज ।**
बाराको जीतपुरसिमरा उपमहानगरपालिका २ सिमरामा शनिबार साँझ चक्कु प्रहारबाट एक युवकको मृत्यु भएको छ ।

स्थानीय होटलमा दुई पक्षबीच भएको विवादका क्रममा चक्कु प्रहारबाट जीतपुरसिमरा उपमहानगरपालिका २ का ३५ वर्षीय शेरबहादुर खड्काको मृत्यु भएको हो ।

चक्कु प्रहारबाट गम्भीर घाइते भएका खड्काको वीरगन्जस्थित नेपाल मेडिसिटी बयोधा अस्पतालमा उपचारका क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय सिमराका प्रमुख प्रहरी नायब उपरीक्षक दयाकृष्ण भट्टले जानकारी दिए ।

गम्भीर घाइते खड्कालाई स्थानीयको सहयोगमा उपचारका लागि जितपुरसिमरा नगर अस्पताल पुर्‍याइएको थियो । त्यहाँ प्राथमिक उपचार गरी उनलाई थप उपचारका बयोधा अस्पतालमा पुर्‍याइएको थियो ।

घटनापछि तनावग्रस्त बनेको स्थितिलाई नियन्त्रणमा लिँदै घटनामा संलग्न रहेका मुख्य आरोपी जितपुरसिमरा उपमहानगरपालिका २ का २२ वर्षीय आयुष राईसहित ३ जनालाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

## मधेसमा आत्महत्याका घटना बढ्दै

जनकपुरधाम, ४ असोज (रासस) ।
पछिल्लो समय मधेस प्रदेशका जिल्लामा आत्महत्या गर्ने प्रवृत्ति बढ्दै गएका छन् । प्रदेश प्रहरी कार्यालय जनकपुरधामका अनुसार चालु आर्थिक वर्ष २०८३/८४ को दुई महिनाको अवधिमा मधेसका विभिन्न जिल्लामा गरी २५० जनाले आत्महत्या गरेका छन् ।

अधिकांशले झुण्डिएर र विष सेवनलाई आत्महत्याको माध्यम बनाउँदै आएका प्रदेश प्रहरी कार्यालयले जनाएको छ । चालु आव २०८३/८४ को साउनमा ८८ र भदौमा १६२ गरी दुई महिनाको अवधिमा २५० जनाले आत्महत्या गरेका मधेस प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक प्रभुप्रसाद ढकालले जानकारी दिनुभयो । उहाँका अनुसार सो अविधमा सबैभन्दा बढी सिरहा र बारामा ४६/४६, सप्तरीमा ३९, रौतहटमा ३०, धनुषा र महोत्तरीमा २४/२४, सर्लाहीमा २१ र पर्सामा २० जनाले आत्महत्या गरेका छन् ।

यसरी अत्यधिक वृद्धि भएको आत्महत्याको ठोस कारण यकिन गर्न नसकेपनि घरायसी विवाद, प्रेममा असफलता, गरिबी, बेरोजगारी र जीवनको दुःख कष्ट सहन नसकेरलगायत रहेका बुद्धिजीवीहरू बताउँछन् । उमेरको हिसाबले १६ वर्ष मुनिदेखि ७० वर्षसम्मका वृद्धवृद्धाले आत्महत्या गर्दै आएका छन् । आत्महत्या गर्नेहरूमा १८ वर्षदेखि ४० वर्षबीचको सङ्ख्या बढी रहेको प्रहरी वरिष्ठ उपरीक्षक ढकालले बताउनुभयो । त्यस्तै, पुरुषको तुलनामा महिलाले बढी आत्महत्या गर्ने गरेका उहाँको भनाइ छ ।

महिलामाथि हिंसा बढी हुने गरेकाले पनि पुरुषको तुलनामा बढी आत्महत्या गर्ने गरेका महिला अधिकारकर्मी सरस्वती मण्डलले बताउनुभयो । "आत्महत्या गर्नेमा सामान्य आर्थिक अवस्थाका व्यक्ति बढी छन् । यसपछि न्यून आय भएका व्यक्तिको संलग्नता पाइँदैन", उहाँले भन्नुभयो ।

अधिकांशले झुण्डिएर र विष खाएर आत्महत्या गर्ने गरेका भन्दै प्रहरी वरिष्ठ उपरीक्षक ढकालले केहीले हाम फालेर आत्महत्या गर्ने गरेका उल्लेख गर्नुभयो । यसरी सामान्य विवादमा पनि विष खाएर आत्महत्या गर्ने प्रवृत्ति समाजका लागि चुनौतीको विषय बनेको स्थानीय बुद्धिजीवीहरूको भनाइ छ ।

स्थानीय बुद्धिजिवी एवं नागरिक समाजका अगुवा रामकुमार साहले भन्नुभयो, "यस किसिमको अपराधको विषयमा समाजका सबै पक्ष गम्भीर बनेर समस्या समाधानमा एकजुट हुनुपर्छ । नभए यो समाजका लागि ठूलो चुनौतीको रूपमा खडा हुन सक्छ ।" सबै पक्षले यसलाई गम्भीर रूपमा लिई मनोसमाजिक परामर्श तथा मनोचिकित्सक सेवा सञ्चालन गर्नुपर्ने उहाँको भनाइ छ ।

## मोटरसाइकलको ठक्करबाट पैदलयात्रीको मृत्यु

**दैनिक समाचारदाता**
**सर्लाही, ४ असोज ।**
मोटरसाइकलको ठक्करबाट सर्लाहीको गम्हरियामा एकजना पैदलयात्रीको मृत्यु भएको छ भने अर्का साइकलयात्री घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक वेदप्रसाद गौतमका अनुसार गए राति मलङ्गवार नगरपालिका-११ गम्हरियामा मोटरसाइकलको ठक्करबाट ७० वर्षका वाल्मीकि रायको मृत्यु भएको हो ।

सोही मोटरसाइकलको ठक्करबाट साइकलचालक मलङ्गवा नगरपालिका-४ का ५९ वर्षका महेश महतो घाइते भएका छन् । निजको प्रादेशिक अस्पतालमा उपचार भइरहेको छ । दुर्घटनामा संलग्न मोटरसाइकल र त्यसका चालक कविलासी नगरपालिका-६ का रामलोचन रायलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

## जलवायु परिवर्तनको असर तथा प्रभावबारे सचेत बनौं

- जलवायु परिवर्तनले मानव जीवन, कृषि, पानी, स्वास्थ्य र जैविक विविधतामा पार्ने असरबारे सचेत बनौं,
- बाढी, पहिरो, डुबान, खडेरी तथा अन्य जलवायुजन्य जोखिमको पूर्वतयारी गरौं,
- वन तथा प्राकृतिक स्रोतको संरक्षण गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान दिऔं,
- नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरौं,
- वृक्षारोपण तथा हरियाली प्रवर्द्धन गरी कार्वन उत्सर्जन घटाउन सहयोग गरौं,
- जलस्रोतको संरक्षण गरौं र जलवायु परिवर्तनअनुकूल जीवनशैली अपनाऔं,
- प्लास्टिक तथा फोहोरजन्य प्रदूषण न्यूनीकरण गरौं,
- जलवायु परिवर्तनका जोखिमप्रति समुदायलाई सचेत र अनुकूलनशील बनाऔं ।

जलवायु परिवर्तनको असरबारे सचेत बनौं,
जलवायु-उत्थानशील समाज निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### बालश्रमिक बालबालिकालाई शिक्षामा पहुँच पुऱ्याउनु आवश्यक

विभिन्न पारिवारिक कारणले तथा आर्थिक अवस्था कमजोर रहेका बालबालिकाहरु घरेलु कामदार बन्न बाध्य छन् । त्यसबाहेक उनीहरु होटल, ईटा भट्टा लगायतमा अन्य स्थानमा बालश्रम गर्न बाध्य हुन्छन् । उनीहरु त्यही श्रम गरेर आफ्नो तथा परिवारको गुजारा चलाइरहेका छन् । बालश्रम यस्तो जटिल शब्द हो, जुन सरकारी नीतिले कार्यान्वयन गर्न सकिरहेको छैन ।

सरकारले बालबालिकाहरुलाई उचित शिक्षाका लागि विशेष ध्यान दिएको छ । तर, बालश्रमलाई निरुत्साहित गर्न सकिरहेको देखिन्न । भविष्यका कर्णाधार मानिने बालबालिकाहरु सहर मात्र नभएर ग्रामिण भेगहरुमा समेत होटल तथा लँजहरुमा दिनभरी बालश्रम गर्न बाध्य छन् । अधिकांशको घरायसी समस्यामा परेका त्यस्ता बालबालिकाहरु बाल मजदुरी गर्न बाध्य भएको अवस्था छ ।

तसर्थ बालमजदुरी वा श्रमलाई न्युनीकरणका लागि सरकारीस्थरबाटै एउटा दिर्घकालिन नीति निर्माण आवश्यक छ । जसले उनीहरुको पारिवारिक अवस्था तथा शिक्षा हासिल गर्न मद्दत पुगोस् । त्यसैले शिक्षामा त्यस्ता बालबालिकाको पहुँचलाई सहज गर्न ती निकायको गम्भिर ध्यानाकर्षण हुनु जरुरी छ ।


### बाढी/पहिरोबाट सतर्क रहौं ।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौ र बचाऔं ।

जनहीतका लागि : राजविराज दैनिक


# संघीयतापछि दलित र सीमान्तकृत समुदायको जीवनमा आएको परिवर्तन

**राजु विश्वकर्मा**

जनकपुरधाम, ४ असोज (रासस) । कुनै बेला सार्वजनिक कार्यक्रममा आफ्नो कुरा राख्नसमेत हिच्किचाउने धनुषाको सबैला नगरपालिकाका रेणु महरा अहिले स्थानीय सरकारको निर्णय प्रक्रियामा सक्रिय सहभागी हुनुहुन्छ । सामान्य लेखपढ गर्न जान्ने महरा हाल जनप्रतिनिधिका रूपमा नगरपालिकाको योजना निर्माण तथा कार्यान्वयनमा आफ्नो भूमिका निर्वाह गर्दै आउनुभएको छ ।

दलित समुदायभित्र पनि लामो समयदेखि सामाजिक तथा आर्थिक रूपमा पछाडि पारिएको चमार जातकी महराका लागि जनप्रतिनिधिको जिम्मेवारी सम्हाल्नु केवल व्यक्तिगत उपलब्धि मात्र होइन, सामाजिक परिवर्तनको एउटा उदाहरणसमेत हो । "पहिले सार्वजनिक ठाउँमा गएर आफ्ना कुरा राख्न पनि अप्ठ्यारो लाग्थ्यो, अहिले समुदायका समस्या लिएर बैठकमा बोल्न र समाधानका लागि पहल गर्नसक्ने भएकी छु", उहाँ भन्नुहुन्छ, "संविधानमा दलित महिलाको प्रतिनिधित्व सुनिश्चित गरेपछि म जस्ता थुप्रै दलित महिलाहरूले जनप्रतिनिधि बन्ने अवसर मात्र पाएको छैन्, निर्णय प्रक्रियामा सहभागीसमेत भएका छन् ।"

सङ्घीयता कार्यान्वयनपछि स्थानीय तहमा संवैधानिक तथा कानुनी व्यवस्थाअनुसार समावेशी प्रतिनिधित्व सुनिश्चित गरिएसँगै दलित तथा सीमान्तकृत समुदायका व्यक्तिले राज्यको निर्णय प्रक्रियामा प्रत्यक्ष सहभागिता जनाउने अवसर पाएका छन् । रेणुको अनुभव त्यसैको एउटा उदाहरण हो ।

स्थानीय सरकारको योजना निर्माणदेखि कार्यान्वयनसम्म जनप्रतिनिधिका रूपमा सहभागी हुँदा आफ्नो समुदायका आवश्यकता र समस्या प्रत्यक्ष रूपमा उठाउन सकिएको हंसपुर नगरपालिकाका कार्यपालिका सदस्य राजेश पासवान बताउनुहुन्छ । "हाम्रो बस्तीमा के आवश्यकता छ, कुन समस्या पहिले समाधान गर्नुपर्छ भन्ने विषयमा अब हामी आफैं कुरा राख्न सक्छौं", पासवानले भन्नुभयो ।

सामाजिक तथा आर्थिक रूपमा पछाडि पारिएका समुदायको राज्यका निकायहरूमा सहभागिता विस्तार हुनु सङ्घीयतापछिको महत्वपूर्ण परिवर्तनका रूपमा देखिएको उहाँको भनाइ छ । संविधानले समानुपातिक समावेशीकरणलाई राज्य सञ्चालनको आधार बनाएपछि स्थानीय तहमा दलित महिलाको प्रतिनिधित्वका लागि संवैधानिक व्यवस्था गरिएको छ । यसले लामो समयदेखि सार्वजनिक निर्णय प्रक्रियाबाट बाहिर रहेका समुदायका महिलालाई स्थानीय शासनमा सहभागी हुने अवसर प्रदान गरेको छ ।

रेणु महरा जस्तै धेरै दलित महिला अहिले वडा, कार्यपालिका तथा स्थानीय तहका विभिन्न समितिमा सहभागी भएर समुदायका समस्या उठाउँदै आएका छन् । उहाँहरूको सहभागिताले स्थानीय सरकारका नीति तथा कार्यक्रमलाई समुदायको वास्तविक आवश्यकतासँग जोड्ने अवसरसमेत बढाएको छ । सङ्घीयता र संविधानले अधिकार सुनिश्चित गरेसँगै सामाजिक रूपमा पछाडि पारिएका समुदायका बालबालिकाको शिक्षामा पहुँच बढाउने प्रयास पनि तीव्र भएका छन् । सप्तरीका दलित अगुवा युक्तिलाल मरिकका अनुसार विगतमा वडा कार्यालय तथा विद्यालय नजिकै घर भएका कतिपय दलित तथा सीमान्तकृत समुदायका बालबालिका विद्यालय जानबाट बञ्चित हुने अवस्था थियो ।

राजविराज नगरपालिका-९ मलेठमा बसोबास गर्ने डोम समुदायका कतिपय बालबालिका विगतमा विद्यालय जाने गरेका थिएनन् । अहिले भने समुदायमा शिक्षासम्बन्धी चेतना बढ्नुका साथै स्थानीय तह र विद्यालयबाट उपलब्ध गराइने विभिन्न सुविधा पाएपछि बालबालिका विद्यालय पुग्न थालेको मरिकको भनाइ छ । "पहिले विद्यालय नजिकै घर भए पनि डोम समुदायका धेरै बालबालिका विद्यालय जादैन्थे । अहिले अभिभावकमा पनि शिक्षा आवश्यक छ भन्ने चेतना बढेको छ", मरिकले भन्नुभयो ।

विद्यालय तहको शिक्षा निःशुल्क हुनुका साथै दलित विद्यार्थीलाई छात्रवृत्ति, दिवा खाजालगायतका सुविधा उपलब्ध हुन थालेपछि आर्थिक रूपमा कमजोर परिवारका बालबालिकालाई विद्यालयसम्म ल्याउन सहयोग पुगेको उहाँको कथन छ । दलित तथा सीमान्तकृत समुदायको जीवनमा आएको परिवर्तन केवल सरकारी सेवा तथा सुविधामा मात्र सीमित छैन । शिक्षाको पहुँच र राज्यका निकायमा प्रतिनिधित्व बढेसँगै समुदायको सोच र सामाजिक व्यवहारमा समेत क्रमिक परिवर्तन आउन थालेको छ ।

विगतमा विद्यालय जान नसकेका समुदायका बालबालिका अहिले नियमित विद्यालय जान थालेका छन् । स्थानीय तहमा आफ्नै समुदायका प्रतिनिधि निर्वाचित भएपछि सरकारी कार्यालयमा आफ्ना समस्या राख्न पनि सहज भएको दलित समुदायका अगुवा तथा सप्तरीको बोदे बरसाइन नगरपालिका-२ का वडाध्यक्ष रामप्रसाद राम बताउनुहुन्छ । दलित महिला तथा सीमान्तकृत समुदायका व्यक्तिको राजनीतिक सहभागिताले नयाँ पुस्तामा समेत आत्मविश्वास बढाएको छ । सार्वजनिक पदमा पुगेका व्यक्तिलाई देखेर समुदायका बालबालिकामा आफू पनि नेतृत्वमा पुग्न सक्छु भन्ने भावना विकास हुन थालेको वडाअध्यक्ष रामको भनाइ छ ।

सुनिता राउतको राजनीतिक सहभागिता र सप्तरीको डोम समुदायका बालबालिका विद्यालय पुग्न थालेको अवस्थाले सङ्घीयतापछिको परिवर्तनलाई नजिकबाट बुझ्न सकिने आधार दिन्छ । एकातिर हिजो सार्वजनिक कार्यक्रममा बोल्नसमेत हिच्किचाउने समुदायकी महिला आज स्थानीय सरकारको योजना निर्माणमा सहभागी हुनुहुन्छ भने अर्कोतिर विद्यालयको पहुँचमा रहेर पनि पढ्न नजाने समुदायका बालबालिका शिक्षाको अवसर लिन विद्यालय पुग्न थालेका छन् । यी परिवर्तनले संविधानमा उल्लेख गरिएको समानता, सामाजिक न्याय र समावेशीकरणको अवधारणा व्यवहारमा कार्यान्वयन हुने क्रममा रहेको देखाएको दलित समुदायका अगुवा सिजेन्द्र सदा बताउनुहुन्छ ।

यद्यपि, यस्तो परिवर्तनलाई सबै दलित, विपन्न तथा सीमान्तकृत समुदायसम्म पुऱ्याउन राज्यका तीनै तहले लक्षित कार्यक्रमलाई अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता उहाँ औंल्याउनुहुन्छ । सङ्घीयतापछि प्रतिनिधित्व र सेवामा पहुँच बढे पनि दलित तथा सीमान्तकृत समुदायका सबै समस्या समाधान भइसकेका छैनन् ।

गरिबी, भूमिहीनता, बेरोजगारी, गुणस्तरीय शिक्षामा सीमित पहुँच, सामाजिक विभेद तथा छुवाछुतजस्ता समस्या अझै चुनौतीका रूपमा रहेको भूमि अधिकार मञ्चका अध्यक्ष दशनलाल मण्डल खत्वे बताउनुहुन्छ । उहाँका अनुसार स्थानीय तहमा प्रतिनिधित्व पाएपनि निर्वाचित दलित जनप्रतिनिधिलाई निर्णय प्रक्रियामा प्रभावकारी भूमिका दिनुपर्ने, लक्षित समुदायका लागि छुट्याइएको बजेट वास्तविक लाभग्राहीसम्म पुऱ्याउनुपर्ने तथा शिक्षा र रोजगारीका अवसर विस्तार गर्नुपर्ने आवश्यकता छ ।

संविधानले अधिकारको सुनिश्चितता गरे पनि त्यसको वास्तविक अनुभूति नागरिकको जीवनमा हुनुपर्नेमा उहाँको जोड छ । दलित तथा सीमान्तकृत समुदायको जीवनस्तरमा दीर्घकालीन परिवर्तन ल्याउन शिक्षा, स्वास्थ्य, रोजगारी, भूमि र आवाससँग सम्बन्धित कार्यक्रमलाई एकीकृत रूपमा अघि बढाउनुपर्ने आवश्यकता रहेको उहाँको भनाइ छ ।

संविधान जारी भएको एक दशक पूरा हुँदै गर्दा सङ्घीयता कार्यान्वयनका क्रममा स्थानीय तहसम्म अधिकार र स्रोत पुगेपछि यसको प्रत्यक्ष प्रभाव समुदायस्तरमा देखिन थालेको हो ।

स्थानीय तहमा जनप्रतिनिधिको उपस्थिति, लक्षित वर्गका लागि बजेट तथा कार्यक्रम, सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य र पूर्वाधारमा पहुँच विस्तारले दलित तथा सीमान्तकृत समुदायलाई राज्यसँग नजिक ल्याएको अधिकारकर्मी बिनोद महराको अनुभव छ । उहाँका अनुसार नेपालको संविधानले दलित समुदायको हकलाई छुट्टै रूपमा सम्बोधन गरेको छ । संविधानको धारा ४० ले दलितलाई राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक प्रदान गरेको छ । त्यस्तै, दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म छात्रवृत्तिसहित निःशुल्क शिक्षाको व्यवस्था, स्वास्थ्य र सामाजिक सुरक्षामा विशेष अवसर तथा भूमिहीन दलितलाई कानुनबमोजिम एकपटक जमिन उपलब्ध गराउने व्यवस्था गरेको छ ।

संविधानको धारा ४२ ले आर्थिक, सामाजिक वा शैक्षिक रूपमा पछाडि परेका दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्रलगायत विभिन्न समुदायलाई राज्यका निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिताको हक सुनिश्चित गरेको छ । "सङ्घीयता कार्यान्वयनपछि देखिएको महत्वपूर्ण परिवर्तन राजनीतिक प्रतिनिधित्व हो", अधिकारकर्मी महरा भन्नुहुन्छ, "स्थानीय तहमा दलित महिलाको प्रतिनिधित्व अनिवार्य गरिएपछि हजारौं दलित महिला निर्वाचित भएर स्थानीय सरकारको निर्णय प्रक्रियामा सहभागी भएका छन् ।"

स्थानीय तह निर्वाचन, २०७९ मा ठूलो सङ्ख्यामा दलित महिला वडा सदस्य निर्वाचित भएका थिए । यसले राजनीतिक निर्णय प्रक्रियामा दलित महिलाको सहभागिताका लागि संवैधानिक व्यवस्थालाई व्यवहारमा कार्यान्वयन गर्ने आधार तयार गरेको उहाँको कथन छ । वडा तहमा निर्वाचित दलित महिला सदस्यले आफ्नो समुदायका शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, आवास, सामाजिक सुरक्षा तथा विभेदसँग सम्बन्धित समस्या स्थानीय सरकारसमक्ष राख्ने अवसर पाएको उहाँ बताउनुहुन्छ ।

यसअघि राज्यका निर्णय प्रक्रियाबाट टाढा रहेका समुदायका महिलाले सार्वजनिक जिम्मेवारी सम्हाल्ने वातावरण निर्माण हुनु सामाजिक परिवर्तनको

*बाँकी तीन पृष्ठमा*

# स्वास्थ्यका लागि सुरक्षित मातृत्व अधिकारसम्बन्धी प्रस्तावमाथि छलफल




काठमाडौं, ४ असोज (रासस)।
प्रतिनिधिसभाका सांसदहरूले भविष्यका नागरिकको स्वास्थ्यका लागि सुरक्षित मातृत्वसम्बन्धी सार्वजनिक महत्वको प्रस्ताव संसद्मा दर्ता गरिएको बताउनुभएको छ।

महिला, कानुन र विकास मञ्चले आइतबार यहाँ आयोजना छलफल कार्यक्रममा सहभागीहरूले नेपालको संविधानको धारा ३८ को उपधारा (२) मा 'प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यसम्बन्धी हक हुनेछ' भनी स्पष्ट रूपमा मौलिक हकका रूपमा व्यवस्था गरिएको र यसबाट भविष्यका नागरिकको स्वास्थ्य पनि सबल हुने भएकाले प्रस्ताव दर्ता गरिएको जानकारी गराउनुभयो।

कार्यक्रममा प्रस्तावका प्रस्तावक सांसद सीता थपलियाले संसद्मा धारणा राख्नका लागि तयारी गरिरहँदा विषयको गम्भीरता अनुसार बोलेर मात्र तत्काल केही नहुने देखेपछि प्रस्ताव बनाएर दर्ता गराएको बताउनुभयो। प्रस्तावका विषयमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोबिता गौतम र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद डा तोसिमा कार्की पनि सकारात्मक रहेकाले यो पारित भएर कानुन संशोधनको प्रक्रिया अघि बढ्ने उहाँले विश्वास व्यक्त गर्नुभयो।

प्रस्तावमा 'बच्चा जन्माउने र हुर्काउने महिलाको काम हो' भन्ने सोच अहिलेको समाज पनि रहिरहँदा धेरै दिदीबहिनी आमा बन्नबाट पछि हट्नुभएकाले संविधानमा मौलिक हकका रूपमा व्यवस्था गरिएको अधिकारको कार्यान्वयनका लागि यस्तो व्यवस्था गरिएको उल्लेख छ। सुत्केरी बिदा छ महिना पुर्याउनुपर्नेमा पनि प्रस्तावले जोड दिएको छ।

प्रस्ताव कानुन बनेमा गिट्टी कुट्ने आमादेखि सरकारी जागिरेसम्म लाभान्वित हुने सांसद थपलियाको भनाइ छ। यो प्रस्ताव सबै सुत्केरी आमालाई लाभ पुर्याउने उद्देश्यले ल्याइएको पनि उहाँले बताउनुभयो। संसद्मा दर्ता भएको सार्वजनिक महत्वको प्रस्तावलाई स्वस्थ्य नागरिक उत्पादन र मानवअधिकारसँग जोडेर हेर्न सकिनेमा अधिकारकर्मीहरूले जोड दिनुभएको छ।

प्रस्तावका समर्थक सांसद सरस्वती लामाले छ महिनाको प्रयासपछि प्रस्ताव संसद्मा दर्ता भएको जानकारी दिनुभयो। उक्त प्रस्तावको पक्षमा सबै सांसद रहेका भन्दै यसले छिट्टै कानुनको रुप लिने उहाँले विश्वास व्यक्त गर्नुभयो। यो प्रस्तावलाई अझ परिस्कृत र सान्दर्भिक बनाउन यस्ता छलफल उपयोगी हुनेमा सांसदहरूले जोड दिनुभयो। उहाँले केही पुरुषले महिलाका समस्या नबुझ्ने गरेकाले सम्झाउनुपर्ने आवश्यकता औँल्याउनुभयो।

नेपालको जनसङ्ख्याको ५१ दशमलव दुई प्रतिशत महिला छन्। पन्ध्रदेखि ५९ वर्षका ८७ लाख र २०-४० वर्षका करिब ५० लाख महिला प्रजनन उमेर समूहका छन्। निजामतीमा ३०, शिक्षकमा २७, स्वास्थ्यमा ५५, बैंकिङमा २५-३० र गार्मेन्टमा १८ प्रतिशत महिला पुगिसक्दा पनि 'बच्चा जन्माउने र हुर्काउने आमाकै काम हो' भन्ने सोचले गर्दा धेरै दिदीबहिनी आमा बन्नबाट पछि हट्ने गरेको तथ्य पनि कार्यक्रममा जानकारी गराइएको थियो।

कार्यक्रममा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, परिवार कल्याण महाशाखाकी डा गौरी प्रधानले सुत्केरी बिदा छ महिना पुर्याउनुपर्नेमा जोड दिनुभयो। वैज्ञानिक कारण प्रस्तुत गर्दै आमा र शिशु स्वस्थ राख्नलाई छ महिना सुत्केरी बिदा बनाइनुपर्ने उहाँको भनाइ छ।

"विश्व स्वास्थ्य सङ्गठनले पनि सुत्केरी बिदा छ महिना बनाउन सिफारिस गरेको छ। आमाको पौष्टिक दूध शिशुले छ महिनासम्म सेवन गर्दा नसर्ने रोग लाग्न नियन्त्रण हुने पुष्टि भएको छ। सुत्केरीलाई मानसिक रूपमा बलियो बनाउन पुरुषलाई पनि ४२ दिन सुत्केरी स्याहार बिदा आवश्यक छ", महाशाखा प्रमुख प्रधानले भन्नुभयो।

सिंहदरबारमा खुलेको शिशु स्याहार केन्द्र• मा हाल ९५ जनाले सेवा लिइरहेका व्यवस्थापक सङ्गीता घिमिरेले जानकारी दिनुभयो। हालसम्म ६६५ जनाले सेवा लिइसकेका भन्दै उहाँले चार महिनादेखि तीन वर्ष उमेर समूहका शिशुले सेवा लिइरहेको बताउनुभयो।

वरिष्ठ अधिवक्ता मीरा ढुङ्गानाले हाल कानुनमा भएको ९८ दिनको सुत्केरी बिदासमेत कतिपय क्षेत्रमा कार्यान्वयनमा नरहेकाले अदालतसम्म जानुपरेको घटना स्मरण गर्नुभयो। गत वैशाख ४ गते संवैधानिक इजलासले गरेको फैसलाले ९८ दिनको सुत्केरी बिदाबाट बञ्चितलाई सहयोग पुगेको उहाँले जानकारी गराउनुभयो। "मानसिक तथा समग्र स्वास्थ्यका लागि पनि सुत्केरीलाई ९८ दिनको बिदाले पुग्दैन, कम्तीमा छ महिना तलबी बिदा आवश्यक छ", उहाँले भन्नुभयो।

मञ्चका कार्यकारी निर्देशक अधिवक्ता सबिन श्रेष्ठले ऐन र प्रस्तावलाई छुट्याएर हेर्नुपर्नेमा जोड दिनुभयो। कानुन कार्यान्वयनमा सरकार उत्तरदायी हुनुपर्ने भन्दै उहाँले कानुन बनेपछि मात्रै अधिकारका लागि लड्न सकिने बताउनुभयो। नागरिकको अधिकारका लागि कानुन निर्माणमा मञ्च सधैँ सहकार्य गर्न तयार रहेको अधिवक्ता श्रेष्ठले उल्लेख गर्नुभयो।

कार्यक्रममा अधिवक्ताहरू सीमा धामी, विमला खड्का, विष्णु बस्याल, नेपाल बारकी हसिना प्रधान, मञ्चका अध्यक्ष गीता अर्याल र अधिवक्ता नवीनकुमार श्रेष्ठलगायतले प्रस्तावलाई थप सरल र सहज बनाउनुपर्नेमा जोड दिनुभयो। यसका लागि सरोकार भएका निकायसँग सहकार्य गर्नुपर्नेमा उहाँहरूले बताउनुभयो।

---

***संघीयतापछि दलित ...***

महत्वपूर्ण पक्षका रूपमा देखिएको उहाँको भनाइ छ। तर जनप्रतिनिधि हुँदैमा निर्णय प्रक्रियामा प्रभावकारी भूमिका सुनिश्चित हुन्छ भन्ने अवस्था सबै ठाउँमा समान छैन। कतिपय स्थानीय तहमा दलित महिला जनप्रतिनिधिको सहभागिता अझै औपचारिक हुने गरेको र उहाँहरूलाई नीति, योजना तथा बजेट निर्माणमा पर्याप्त भूमिका दिनुपर्ने आवश्यकता रहेको अधिकारकर्मी महरा बताउनुहुन्छ।

उहाँका अनुसार सङ्घीयताको अर्को महत्वपूर्ण पक्ष राज्यका सेवा नागरिकको घरदैलो नजिक पुग्नु हो। स्थानीय तहबाट जन्मदर्ता, सामाजिक सुरक्षा, स्वास्थ्य, शिक्षा, कृषि, खानेपानी, पूर्वाधार तथा विभिन्न सिफारिसका सेवा उपलब्ध हुन थालेपछि विपन्न तथा सीमान्तकृत समुदायका नागरिकलाई सेवा लिन टाढा जानुपर्ने बाध्यता घटेको छ। स्थानीय तहले आफ्नै क्षेत्रको सामाजिक तथा आर्थिक अवस्थाअनुसार कार्यक्रम बनाउन सक्ने भएकाले दलित बस्ती, गरिब परिवार तथा सीमान्तकृत समुदायका लागि लक्षित योजना सञ्चालन गर्ने अवसरसमेत बढेको अर्का दलित अधिकारकर्मी गङ्गा सदाको भनाइ छ।

विगतमा सामान्य सरकारी सेवा लिन सदरमुकाम वा राजधानी पुग्नुपर्ने नागरिकका लागि स्थानीय सरकारको उपस्थितिले राज्यसँगको दूरी घटाएको छ। यद्यपि, सबै स्थानीय तहमा सेवा प्रवाहको गुणस्तर र प्रभावकारिता समान नभएकाले त्यसमा सुधारको आवश्यकता रहेको सदा बताउनुहुन्छ। संविधानले समानता र विभेदविरुद्धको अधिकार सुनिश्चित गरे पनि कानुनको प्रभावकारी कार्यान्वयन तथा सामाजिक चेतनाको विस्तार आवश्यक रहेको अधिकारकर्मीहरूको भनाइ छ।

सङ्घीयता कार्यान्वयनको एक दशकमा दलित, विपन्न तथा सीमान्तकृत समुदायका लागि राजनीतिक प्रतिनिधित्व, स्थानीय सरकारमा पहुँच र सामाजिक सेवाको विस्तार महत्वपूर्ण परिवर्तनका रूपमा देखिएका छन्। तर संविधानमा सुनिश्चित अधिकारलाई नागरिकको दैनिक जीवनमा अनुभूत हुने परिणाममा रूपान्तरण गर्न अझै चुनौती छन्। शिक्षा, स्वास्थ्य, भूमि, आवास, रोजगारी, सामाजिक सुरक्षा तथा निर्णय प्रक्रियामा समान अवसर सुनिश्चित गर्न सके मात्र सामाजिक न्यायको संवैधानिक लक्ष्य व्यवहारमा स्थापित हुनसक्ने अधिकारकर्मी महराको भनाइ छ। सङ्घीयताको आगामी यात्रा अधिकार र प्रतिनिधित्वमा मात्र सीमित नभई त्यसलाई आर्थिक अवसर, सामाजिक सम्मान र जीवनस्तर सुधारसँग जोडिनुपर्ने उहाँको सुझाव छ।

## विश्व समाचार

### क्यारिबियनमा अमेरिकी सेनाको कारबाहीमा चार जना मारिए

वाशिङ्टन, ४ असोज (रासस/एपी)।
ल्याटिन अमेरिकामा लागुऔषध तस्करीविरुद्ध ट्रम्प प्रशासनले सञ्चालन गरिरहेको अभियानअन्तर्गत अमेरिकी सेनाले शनिबार क्यारिबियन सागरमा लागुऔषध तस्करीमा प्रयोग भएको आशङ्का गरिएको एउटा डुङ्गामा आक्रमण गर्दा चार जनाको मृत्यु भएको छ।

ट्रम्प प्रशासनले 'नार्को-आतङ्कवादी' भन्दै लक्षित गर्न थालेयता अमेरिकी सेनाले डुङ्गामाथि गरेको आक्रमणमा मारिनेको सङ्ख्या पछिल्लो घटनासहित कम्तीमा २३१ पुगेको छ। पूर्वी प्रशान्त महासागर र क्यारिबियन सागरमा भएका यस्ता ६९ वटा आक्रमणमा ती मानिस मारिएको जनाइएको छ।

अमेरिकी दक्षिणी कमाण्ड (युएस सदर्न कमाण्ड) ले तस्करीका लागि परिचित समुद्री मार्गमा लागुऔषध तस्करलाई लक्षित गरी कारबाही गरिएको जनाएको छ। यद्यपि, आक्रमण गरिएको डुङ्गामा लागुऔषध ओसारपसार भइरहेको पुष्टि हुने प्रमाण सेनाले सार्वजनिक गरेको छैन। कमाण्डले सामाजिक सञ्जाल 'एक्स' मा सार्वजनिक गरेको भिडियोमा समुद्रमा अघि बढिरहेको जस्तो देखिने एउटा डुङ्गा र त्यसपछि देखिएको चम्किलो प्रकाशको दृश्य देखिन्छ।

ट्रम्प प्रशासनले ल्याटिन अमेरिकी देशहरूको भूमिमा समेत लागुऔषध तस्करीविरुद्ध सैन्य कारबाही विस्तार गर्न सहयोगी राष्ट्रसँग सहकार्यको प्रयास गरिरहेको छ। रक्षामन्त्री पिट हेगसेथले गत महिना पानामाको भ्रमणका क्रममा कोलम्बिया, ग्वाटेमाला र होन्डुरसले अमेरिकी सेनालाई आफ्नो भूमिमा आपराधिक समूहविरुद्ध संयुक्त सैन्य कारबाही गर्न अनुमति दिन सहमति जनाएको बताउनुभएको थियो तर ग्वाटेमालाले भने त्यस्तो कुनै सम्झौता भएको अस्वीकार गरेको छ।

इक्वेडरले भने मार्चमै अमेरिकासँग सहकार्य गरी यस्तै प्रकारको सैन्य अभियान सञ्चालन गरेको थियो। राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकाले ल्याटिन अमेरिकामा सक्रिय लागुऔषध गिरोहसँग 'सशस्त्र द्वन्द्व' गरिरहेको बताउनुभएको छ। अमेरिकामा भित्रिने लागुऔषधको प्रवाह र अत्यधिक सेवनबाट हुने मानवीय क्षति रोक्न यी आक्रमण आवश्यक रहेको भन्दै उहाँले कारबाहीको बचाउ गर्दै आउनुभएको छ। यद्यपि, प्रशासनले आक्रमणमा मारिएका व्यक्तिहरू लागुऔषध तस्करीमा संलग्न रहेको दाबी पुष्टि गर्ने विस्तृत प्रमाण सार्वजनिक गरेको छैन।

### रियादमा हुथी आक्रमणपछि मध्यपूर्वमा द्वन्द्व बढ्न सक्ने अमेरिकाको चेतावनी

रियाद, ४ असोज (रासस/एएफपी)।
यमनमा द्वन्द्व पुनः सुरु भएयता पहिलो पटक साउदी राजधानी रियादलाई लक्षित गरी क्षेप्यास्त्र आक्रमण भएको छ। आक्रमणपछि साउदी अरब र इरान-समर्थित हुथी विद्रोहीबीच द्वन्द्व थप तीव्र हुन सक्ने अमेरिकाले शनिबार चेतावनी दिएको छ।

अमेरिकी विदेश मन्त्रालयले सैन्य द्वन्द्व बढ्न सक्ने भन्दै मध्यपूर्वबाहिर रहेका अमेरिकी नागरिकलाई यस क्षेत्रमा भ्रमण वा यात्राबारे गम्भीरतापूर्वक पुनर्विचार गर्न आग्रह गरेको छ।

यसैबीच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मेरिल्याण्डस्थित क्याम्प डेभिडमा बिताइरहेको सप्ताहन्तको बसाइ छोट्याएर शनिबार अप्रत्याशित रूपमा ह्वाइट हाउस फर्किनुभएको छ। ह्वाइट हाउसले उहाँको फिर्तीको कारण भने सार्वजनिक गरेको छैन।

शनिबार बिहान रियादमा दुई पटक ठूलो विस्फोटको आवाज सुनिएको थियो। एएफपीका पत्रकारले विमानस्थलनजिकै साउदी तेल कम्पनी अरामकोको लोगो भएको इन्धन ट्याङ्कीमा आगलागी भएको देखेका थिए।

साउदी नेतृत्वको गठबन्धनले हुथीहरूले रियादतर्फ प्रहार गरेको ब्यालिस्टिक क्षेप्यास्त्रलाई सफलतापूर्वक रोकिएको र नष्ट गरिएको जनाएको छ। गठबन्धनका अनुसार हुथीहरूले पश्चिमी साउदी अरबका विभिन्न सहरमा नागरिक तथा नागरिक पूर्वाधारलाई लक्षित गर्ने प्रयास गरेका थिए। यसमा लाल सागरस्थित साउदी तेल निर्यातको महत्वपूर्ण केन्द्र यान्बु बन्दरगाह पनि समावेश थियो।

हुथी सैन्य प्रवक्ता याह्या सारीले साउदी आक्रमणको जवाफमा ब्यालिस्टिक तथा क्रुज क्षेप्यास्त्र र ड्रोन प्रयोग गरी दुईवटा सैन्य कारबाही गरिएको बताउनुभएको छ। उहाँका अनुसार एउटा आक्रमण रियादका संवेदनशील स्थल र अर्को यान्बुस्थित अरामकोका संरचनालाई लक्षित गरिएको थियो।

रियादका बासिन्दालाई बिहान ३:०० बज्नुअघि पठाइएको सुरक्षा सूचनामा सम्भावित हवाई खतराका कारण घरभित्रै बस्न आग्रह गरिएको थियो। त्यसपछि स्थानीय बासिन्दाले राजधानीका विभिन्न भागमा विस्फोटका आवाज सुनेको बताएका छन्।

यो घटनाअघि साउदी अरबले हुथीहरूले इस्लामको पवित्र सहर मक्कालाई लक्षित गरेको आरोप लगाएको थियो। हुथीहरूले भने उक्त आरोप अस्वीकार गर्दै त्यसलाई झुटो दाबी बताएका छन्।

सन् २०१४ मा हुथीहरूले राजधानी साना लगायतका क्षेत्र कब्जा गरेपछि यमनमा गृहयुद्ध सुरु भएको थियो। त्यसको एक वर्षपछि साउदी नेतृत्वको गठबन्धनले सैन्य हस्तक्षेप गरेको थियो। सन् २०२२ मा भएको युद्धविराम कमजोर रूपमा कायम रहे पनि जुलाईमा पुनः द्वन्द्व चर्किएको जनाइएको छ।

यसैबीच, अमेरिकी विदेश मन्त्रालयका अनुसार वासिङ्टनले साउदी अरबलाई सम्भावित खतराबाट जोगाउन सहयोग गर्ने उद्देश्यले २४ अर्ब ३० करोड डलर मूल्यका ४८ वटा एफ-३५ लडाकु विमान बिक्री गर्न स्वीकृति दिएको छ।

# प्रदेश सरकारद्वारा प्रशासनिक व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह तथा कर्मचारी व्यवस्थापनसँग सम्बन्धित निर्णय

**दैनिक समाचारदाता**
**जनकपुरधाम, ४ असोज ।**

मधेश प्रदेश सरकारको आइतबार बसेको मन्त्रिपरिषद् बैठकले प्रदेशको प्रशासनिक व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह तथा कर्मचारी व्यवस्थापनसँग सम्बन्धित तीनवटा निर्णय गरेको छ ।

सरकारका प्रवक्ता तथा अर्थमन्त्री युवराज भट्टराईले बैठकले स्वास्थ्य सेवा अत्यावश्यक तथा संवेदनशील सेवा भएकाले मन्त्रालयको संगठन तथा व्यवस्थापन सर्वेक्षणको टुङ्गो नलागेसम्म स्वास्थ्य सेवामा आवश्यक जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाहलाई निरन्तरता दिन स्वास्थ्य मन्त्रालयको प्रस्ताव बमोजिम अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय गरेको बताए ।

त्यस्तै, प्रदेश सरकार (मुख्यमन्त्री तथा मन्त्रीहरू) र प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको निजी तथा स्वकीय सचिवालयको विद्यमान संगठनात्मक संरचना र कर्मचारी संख्या पुनरावलोकन तथा अनुसूची-२ परिमार्जनसम्बन्धी अध्ययन प्रतिवेदन, २०८३ स्वीकृत गर्ने निर्णय भएको छ । उक्त प्रतिवेदनमा उल्लिखित सुझाव तथा सिफारिसलाई आवश्यक कानुनी प्रबन्ध मिलाई कार्यान्वयन गर्ने निर्णयसमेत गरिएको छ ।

यसबाट सचिवालयको जनशक्ति व्यवस्थापनलाई कार्यबोझ, आवश्यकता र जिम्मेवारीका आधारमा व्यवस्थित गर्दै सार्वजनिक स्रोतको मितव्ययी तथा प्रभावकारी उपयोग गर्ने सरकारको उद्देश्य रहेको छ ।

यसैगरी, स्थानीय तहमा कार्यरत कर्मचारीहरूको वृत्ति विकासलगायत सेवा, सर्त तथा सुविधासम्बन्धी विषयलाई थप स्पष्ट, व्यवस्थित र पूर्वानुमानयोग्य बनाउन स्थानीय तह (गठन तथा सञ्चालन) सम्बन्धी ऐन, २०८१ को संशोधनको विधेयक मस्यौदा प्रदेश सभाको आगामी अधिवेशनमा पेश गर्ने निर्णय गरेको छ ।

स्थानीय तहको सेवा प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक जनशक्तिको स्थायित्व, वृत्ति विकासको सुनिश्चितता तथा कर्मचारी व्यवस्थापनमा देखिएका कानुनी र व्यावहारिक जटिलताको समाधानका लागि विद्यमान कानुनी व्यवस्थाको पुनरावलोकन गरी आवश्यक सुधार गर्न प्रदेश सरकारले यो निर्णय लिएको छ ।

# जलवायु क्षतिको क्षतिपूर्तिलाई अधिकारका रूपमा सुनिश्चित गर्नुपर्नेमा जोड

काठमाडौँ, ४ असोज (रासस) ।

नेपाली कम्युनिष्ट पार्टीको केन्द्रीय मानव अधिकार विभागले जलवायु परिवर्तनबाट नेपालले भोगिरहेको क्षति तथा जोखिम सम्बोधन गर्न अन्तरराष्ट्रिय समुदायले उपलब्ध गराउने सहयोगलाई दान वा परोपकारका रूपमा नभई जलवायु न्याय र साझा जिम्मेवारीका आधारमा अधिकारका रूपमा सुनिश्चित गर्नुपर्ने मुद्दा उठाउने भएको छ ।

विभागले शनिबार प्रेस विज्ञप्ति जारी गर्दै आइतबार काठमाडौँमा 'विश्व तापमान वृद्धिले हिमाली क्षेत्रमा पार्ने असर, नेपालमा हुने जोखिम र जलवायु न्याय' विषयक राष्ट्रिय अन्तरक्रिया कार्यक्रम आयोजना गर्न लागेको जनाएको छ ।

कार्यक्रममा पार्टीको राजनीतिक नेतृत्व, विषय विज्ञ, जलवायु तथा मानव अधिकार अभियन्ता, किसान, बुद्धिजीवी, महिला, फरक क्षमता भएका व्यक्ति, अल्पसङ्ख्यक तथा आमजनसमुदायको सहभागिता रहने विभागका प्रमुख माधवप्रसाद पौडेलले जानकारी दिनुभयो ।

विभागले कार्यक्रममा पार्टी संयोजक तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र सहसंयोजक तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालको मन्तव्य रहने जनाएको छ ।

त्यस्तै प्रतिनिधिसभाको कानुन, न्याय तथा मानवअधिकार समितिकी माननीय सभापति समीक्षा बास्कोटा, वरिष्ठ अधिवक्ता संविधानविद् डा चन्द्रकान्त ज्ञवाली, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख डा धर्मराज उप्रेती लगायतको प्रस्तुति रहनेछ ।

**हिमाली मुलुकका लागि छुट्टै जलवायु न्याय संयन्त्रको प्रस्ताव**

विभागले हिमाली क्षेत्रका विशिष्ट जोखिम सम्बोधन गर्न 'पर्वतीय जलवायु न्याय'को छुट्टै अन्तरराष्ट्रिय एजेन्डा अघि सार्नुपर्ने प्रस्ताव पनि गर्ने भएको छ ।

यसअन्तर्गत हिमाली मुलुकका लागि विशेष जलवायु वित्त, हिमताल तथा हिमनदीको अनुगमन, हिमताल विस्फोटजन्य बाढीको पूर्वसूचना तथा सतर्कता, पर्वतीय पारिस्थितिक प्रणालीको पुनःस्थापना तथा जलवायु परिवर्तनका कारण हुने विस्थापन र पर्वतीय जीविकोपार्जन संरक्षणका लागि अन्तरराष्ट्रिय सहयोग संयन्त्र विकास गर्नुपर्ने विषय समेटिएको छ ।

त्यस्तै, जलवायु सङ्कट सिर्जना गर्न ऐतिहासिक रूपमा बढी योगदान गर्ने मुलुकले त्यसबाट सिर्जित समस्या समाधानको लागतमा पनि आफ्नो जिम्मेवारी र क्षमताअनुसार योगदान गर्नुपर्ने विषय नेपालले अन्तरराष्ट्रिय जलवायु वार्तामा उठाउनुपर्ने विभागको धारणा छ ।

**जलवायु सङ्कटलाई मानव अधिकारको सङ्कटका रूपमा लिनुपर्ने**

विभागले जलवायु परिवर्तनलाई वातावरणीय समस्यामा मात्र सीमित नगरी मानव अधिकारको सङ्कटका रूपमा स्थापित गर्नुपर्ने धारणा अघि सारेको छ ।

जलवायु वित्तको मूल्याङ्कन कार्बन उत्सर्जन घटाउने परिणामका आधारमा मात्र नभई कति मानिसको अधिकार सुरक्षित भयो भन्ने आधारमा पनि हुनुपर्ने उसको भनाइ छ ।

मानिसको मृत्यु, संस्कृति, परम्परागत ज्ञान, धार्मिक तथा सांस्कृतिक स्थल, जैविक विविधता, समुदायको पहिचान, विस्थापन, मानसिक स्वास्थ्य र पुर्ख्यौली भूमि गुम्नुजस्ता विषयलाई गैरआर्थिक क्षतिका रूपमा सम्बोधन गर्नुपर्ने विभागले जनाएको छ ।

**जलवायु पुनर्निर्माणका लागि ऋण नभई अनुदानको माग**

जलवायु परिवर्तनबाट क्षतिग्रस्त सडक, पुल, विद्यालय, जलविद्युत्, कृषि तथा बस्ती पुनर्निर्माणका लागि पुनःऋण लिनुपर्ने अवस्था आएमा नेपालजस्ता विकासशील मुलुक थप ऋणको चक्रमा फस्न सक्ने भन्दै विभागले जलवायु अनुकूलन तथा हानिनोक्सानी वित्तको ठूलो हिस्सा ऋण नभई अनुदानमा आधारित हुनुपर्ने विषय उठाउने भएको छ ।

जलवायु वित्त जोखिममा रहेका मुलुक, स्थानीय सरकार र प्रभावित समुदायसम्म सहज रूपमा पुग्ने संयन्त्र निर्माण गर्नुपर्नेमा पनि विभागले जोड दिएको छ ।

**हिमाली पूर्वसूचना सञ्जाल बनाउन प्रस्ताव**

हिमाली विपद् राष्ट्रिय सीमाभित्र मात्र सीमित नहुने भन्दै नेपालसहित भारत, चीन, भुटान र बङ्गलादेशलगायत हिमालय तथा दक्षिण एसियाली मुलुकबीच पूर्वसूचना र सूचना आदानप्रदानको संयन्त्र बनाउनुपर्ने प्रस्ताव पनि विभागले अघि सारेको छ ।

# कोरला नाकाबाट भित्रिन थाले भेडाच्याङ्ग्रा

मुस्ताङ, ४ असोज (रासस) ।

नेपाल-चीन उत्तरी कोरला नाकाबाट पहिलो पटक भेडाच्याङ्ग्रा भित्रन थालेका छन् । लोमान्थाङ-४ न्हेचुङस्थित क्वारेन्टाइन चेकपोस्टका अनुसार कोरला नाकाबाट चार हुल भेडाच्याङ्ग्रा नेपाल भित्रिएको हो ।

गत वर्षको भदौ ३१ गतेदेखि पूर्ण रूपमा सञ्चालनमा आएको यहाँस्थित नेपाल-चीन उत्तरी कोरला नाकाबाट कानुनी प्रावधानअनुसार तिब्बतबाट भेडाच्याङ्ग्रा नेपाल भित्रिन थालेका हुन् । पशु क्वारेन्टाइन कार्यालय पोखराका प्रमुख एवं वरिष्ठ पशुचिकित्सक गणेश केशीका अनुसार भदौ ३१ गतेदेखि लगातार तीन दिनसम्म कोरला नाका हुँदै चीनको स्वशासित क्षेत्र तिब्बतबाट चार लटमा ४१९ वटा भेडाच्याङ्ग्रा नेपाल भित्रिएका हुन् ।

वरिष्ठ पशुचिकित्सक डा केसीले भदौ ३१ गते च्याङ्ग्रा १५५, असोज १ गते च्याङ्ग्रा ११८, भेडा ४६ र असोज २ गते च्याङ्ग्रा १०० वटा कोरला नाकाबाट नेपाल भित्रिएको जानकारी दिनुभयो । चीनको स्वशासित क्षेत्र तिब्बतबाट खरिद गरी उपल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिकाका जनप्रतिनिधि र स्थानीय व्यापारीले पशुपालन प्रयोजनार्थ भेडाच्याङ्ग्रा नेपाल भित्र्याएका पशु क्वारेन्टाइन कार्यालय पोखराका प्रमुख एवं वरिष्ठ पशुचिकित्सक गणेश केसीको भनाइ छ ।

पोखरा कार्यालयअन्तर्गत पोखरा अन्तरराष्ट्रिय विमानस्थल र कोरला नाकामा दुई वटा पशु क्वारेन्टाइन रहेको उहाँले बताउनुभयो । क्वारेन्टाइन ऐनअनुसार कुनै एक देशबाट नेपालमा पशु खरिद गरी नेपालमा ल्याउन चाहेमा कार्यालयअन्तर्गतको चेकपोस्ट वा क्वारेन्टाइन कार्यालयमा पशु निरोगिताको स्वास्थ्य प्रमाण तथा खोप लगाएको विवरण सात दिनअगावै पूर्वजानकारी गराइनुपर्ने प्रावधान रहेको छ । सोही नियमअनुसार लोमान्थाङका जनप्रतिनिधि तथा स्थानीय व्यापारीले कोरला नाका हुँदै तिब्बतबाट भेडाच्याङ्ग्रा नेपाल ल्याउन सुरु गरेका वरिष्ठ पशु चिकित्सक केसीको भनाइ छ ।

कोरला नाकाबाट पूर्वजानकारी गरी नेपाल भित्र्याइएका भेडाच्याङ्ग्राको पशु स्वास्थ्य निरोगिताको प्रमाणपत्र तथा खोप विवरणको कागजातका आधारमा पशु चेकपोस्टद्वारा स्वीकृति प्रदान गरेको हो । सीमावर्ती भेडाच्याङ्ग्रा व्यापारीले पशु निरोगिताको प्रमाणपत्र पेस गरे पनि खोप विवरण उल्लेख नभएकाले लोमान्थाङ गाउँपालिकाको समन्वयमा नेपाल भित्रिएका भेडाच्याङ्ग्राको खोप लगाउने काम भएको वरिष्ठ पशु चिकित्सक डा केसीको भनाइ छ ।

चीनबाट नेपाल भित्रिएका भेडाच्याङ्ग्रा अहिले लोमान्थाङस्थित न्याम्डो र छोसेर चरन क्षेत्रमा स्थानीय भेडाच्याङ्ग्रा बथानसँग नमिसाउने गरी बेग्लै व्यवस्थापन गरिएको छ । अन्य मुलुकबाट नेपाल भित्रिएका पशुचौपायालाई क्वारेन्टाइन ऐनअनुसार सात दिनसम्म छुट्टै व्यवस्थापन गरी राख्नुपर्ने र सोको अनुगमन क्वारेन्टाइन चेक पोस्टका पशु प्राविधिक र प्रहरी निकायले गर्ने वरिष्ठ पशुचिकित्सक डा केसीले उल्लेख गर्नुभयो ।

बर्सेनि दसैं-तिहारजस्ता महत्त्वपूर्ण चाडपर्वमा हिमाली भेडाच्याङ्ग्राको माग बढी हुने गर्छ । मुस्ताङ, डोल्पा, मुगु र जुम्लाबाट भेडाच्याङ्ग्रा बजार पुर्‍याइने गरिन्छ । मुस्ताङको लोमान्थाङ, लोघेकर दामोदरकुण्ड, बारागुङ मुक्तिक्षेत्र र घरपझोङ गाउँपालिकाका स्थानीयले व्यावसायिक रूपमा च्याङ्ग्रापालन गर्ने गरेका छन् । यस वर्ष कोरला नाकाबाट वैधानिक रूपमा तिब्बतबाट भेडाच्याङ्ग्रा नेपाल भित्रिन थालेपछि लागि भेडाच्याङ्ग्रा केही कम मूल्य पर्न सक्ने अपेक्षा गरिएको छ ।

यसैगरी, नेपाल-चीन उत्तरी कोरला नाकाबाट पहिलोपटक १० कन्टेनर भेडाको ऊनको नेपाल भित्रिएको पशु क्वारेन्टाइन कार्यालय पोखराका प्रमुख डा गणेश केसीले जानकारी दिनुभयो ।

# घाइते यादवको शरीरबाट गोली निकालियो

सुनसरी, ४ असोज (रासस) ।

सुनसरीको देवानगन्जमा गोली प्रहारबाट घाइते भएका २४ वर्षीय निरजकुमार यादवको शल्यक्रिया गरी शरीरबाट गोली निकालिएको छ ।

देवानगन्ज गाउँपालिका-१ मध्यहर्षाहीस्थित बीपी चोकमा शनिबार साँझ गोली प्रहारबाट घाइते भएका यादवको विराटनगरस्थित नोबेल शिक्षण अस्पतालमा उपचार भइरहेको छ ।

उहाँको आइतबार शल्यक्रिया गरी गोली निकालिएको जिल्ला प्रहरी कार्यालय सुनसरीका सूचना अधिकारी चन्द्रबहादुर खड्काले बताउनुभयो ।

यादवको कम्मरमुनिको दायाँ तिघ्रामा गोली लागेको छ । उहाँ हरिनगर बजारबाट मोटरसाइकलमा घर फर्किने क्रममा लक्ष्मीनारायण मन्दिर अगाडि गोली प्रहारबाट घाइते हुनु भएको थियो । घटनापछि प्रहरीले देवानगन्ज गाउँपालिका-२ का १८ वर्षीय विष्णुकुमार यादव र २६ वर्षीय जयकृष्ण यादवलाई पक्राउ गरेको थियो । उक्त घटनामा संलग्न अन्य व्यक्तिको खोजी भइरहेको सूचना अधिकारी खड्काले बताउनुभयो ।

युवतीको विषयलाई लिएर युवाहरूबीच भएको विवादबाट उत्पन्न रिसइबीका कारण घटना भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ । घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# एक महिनामा २३ अर्ब ४६ करोड १५ लाख राजस्व संकलन

**दैनिक समाचारदाता**
**पर्सा, ४ असोज ।**

वीरगञ्ज भन्सार कार्यालयले गत भदौमा रु २३ अर्ब ४६ करोड १५ लाख राजस्व सङ्कलन गरेको छ ।

उक्त कार्यालयका अनुसार यो मासिक लक्ष्यको ९९.७५ प्रतिशत हो । भदौ मसान्तसम्मको सङ्कलनसँगै चालु आर्थिक वर्षको वार्षिक राजस्व लक्ष्यको १४.५२ प्रतिशत पूरा भएको छ ।

बिस्कुट, दलहन, कपडा तथा लत्ताकपडा, औद्योगिक कच्चा पदार्थलगायत वस्तुको आयातबाट उक्त रकम राज्यकोषमा दाखिला भएको हो ।

# भदौमा पाँच अर्बको विद्युत निर्यात

काठमाडौँ, ४ असोज (रासस) ।

गत भदौमा रु पाँच अर्ब नौ करोड २४ लाख बढीको विद्युत् निर्यात भएको छ ।

नेपाल विद्युत् प्राधिकरणका अनुसार उक्त अवधिमा भारत र बङ्गलादेशतर्फ कुल ५६ करोड ५६ लाख छ हजार ४४३ युनिट विद्युत् निर्यात भएको हो । द्विपक्षीय सम्झौता र विद्युत् बजार (एक्सचेन्ज मार्केट) मार्फत विद्युत् बिक्री गरिएको हो ।

द्विपक्षीय सम्झौतामार्फत ४२ करोड १६ लाख युनिटभन्दा बढी विद्युत् रु तीन अर्ब ६४ करोडभन्दा बढीमा बिक्री भएको छ भने एक्सचेन्ज मार्केटमार्फत १४ करोड ३९ लाख युनिटभन्दा बढी विद्युत् निर्यातबाट रु एक अर्ब ४४ करोड ९९ लाख आम्दानी भएको छ ।

भोटेकोशी बाढीबाट चिलिमे तथा त्रिशूली जलविद्युत् केन्द्रका संरचनामा क्षति पुगेपछि हाल बङ्गलादेशतर्फको विद्युत् निर्यात रोकिएको प्राधिकरणले जनाएको छ ।

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np